नेपाल सरकार
# सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः-
चलानी नं.:-

## मानवीय रुपमा संवेदनशील सूचना, तस्विर, भिडियो सन्देश प्रसारण, प्रकाशन नगर्नुहुन अनुरोध सहित हार्दिक अपिल

रसुवा, नुवाकोट र धादिङ लगायतका क्षेत्रहरूमा हालै आएको विनाशकारी प्राकृतिक विपद्का कारण उत्पन्न विषम परिस्थितिप्रति सूचना तथा सञ्चार मन्त्रालय गम्भीर र संवेदनशील रहेको छ । यस संवेदनशील समयमा सञ्चार माध्यमहरू तथा आम नागरिकबाट प्रवाह हुने सूचना सम्प्रेषणले उद्धार, राहत तथा जनमानसमा पार्ने प्रभाव अति नै महत्त्वपूर्ण हुन्छ। विपद्बाट भएको मानविय एवम् भौतिक क्षतिबाट प्रत्यक्ष रूपमा प्रभावित र पिडितहरूलाई नेपाल सरकारको तर्फबाट उद्धार एवं राहत वितरणको प्रयास भैरहेको छ । तसर्थ, मानविय संवेदनालाई हृदयङ्गम गरी विपद्सँग सम्बन्धित समाचार, सूचना तथा विवरणहरू सम्प्रेषण गर्दा देहाय बमोजिम गर्नु/गराउनुहुन सम्पूर्ण सञ्चारकर्मी, सञ्चार गृह तथा आमनागरिकहरूमा मन्त्रालय हार्दिक अपिल गर्दछ।

- आधिकारिक स्रोतको प्रयोगः विपद्बाट भएको क्षति, उद्धार तथा राहत सम्बन्धी समाचार तथा सूचनाहरू प्रकाशन वा प्रसारण गर्दा अनिवार्य रूपमा आधिकारिक निकाय (गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय तथा स्थानीय विपद् व्यवस्थापन समिति)बाट प्राप्त सूचनालाई मात्र आधार लिनुहुन।
- भ्रामक सूचना नियन्त्रणः अपुष्ट, कपोलकल्पित, कृत्रिम बुद्धिमताको प्रयोगबाट सृजित भ्रामक र सर्वसाधारणमा त्रास फैलाउने खालका समाचार तथा अफवाहहरू सम्प्रेषण नगर्न/नगराउनुहुन।
- मानवीय संवेदनशीलताः सामाजिक सञ्जालमा हृदयविदारक घटनाहरुका तस्विर, भिडियो वा विवरणहरू पोष्ट तथा रिपोस्ट नगर्न/नगराउनुहुन तथा पीडित र परिवारप्रति पूर्ण मानवीय संवेदनशीलता दर्शाउनुहुन।
- जिम्मेवार ढंगबाट सामाजिक सञ्जाल प्रयोगः विपद्को समयमा भयावह, विचलित बनाउने खालका एवम् समाजलाई नै विक्षिप्त पार्ने खालका सामग्रीको प्रकाशन, प्रसारण, अपलोड, शेयर, पोष्ट, रिपोस्ट जस्ता कार्य नगरी/नगराई यस कठिन समयमा सहि,तथ्यपरक र जिम्मेवार सुचना सम्प्रेषण गरी उद्धार तथा राहत कार्यमा सहयोग पुऱ्याउनुहुन।
- विशेष अनुरोधः विपद्को यस विषम परिस्थितिमा कतिपय सामाजिक सञ्जाल एवम् सञ्चार माध्यममा समेत मानव र समाजलाई नै विचलित पार्ने किसिमका तस्विर र भिडियोहरू प्रकाशन तथा प्रसारण भएको पाइएको छ। यसले विपद्को समयमा ज्यान गुमाएका व्यक्तिका आफन्त एवम् परिवारजनलाई थप विक्षिप्त पार्ने भएकोले सही तथ्यपरक र जिम्मेवार सूचना सम्प्रेषण गरी उद्धार तथा राहत कार्यमा सहयोग पुऱ्याउनका लागि सम्पूर्ण राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यम र सामाजिक सञ्जाल प्रयोगकर्ताहरूमा मन्त्रालय विशेष अपिल गर्दछ।

काठमाडौं, ११ भाद्र २०८३

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं

२०८३।५।११

सहसचिव एवम् प्रवक्ता

प्रवक्ता